AP-Front Page-1-Week-days tues&fri.qxd 06/18/2009 11:04 PM Page 1

CMYK

अन्नपूर्ण पोष्ट

वर्ष ८, अंक ५० पृष्ठ १२+४+८ ★★ राष्ट्रिय संस्करण ◆ मूल्य : रु. ३

(जोमसोम र त्यसभन्दा पारि २ रुपैयाँ अतिरिक्त हवाईभाडा)

सलमानले 'दसका दम'मा' बोलाए प्रेमिका कट्रिनालाई १६

उत्तरकोरिया ४४ वर्षपछि छानियो विश्वकप फुटबलमा १४

रोप्ने बेलामा बीउ सुकेपछि किसान चिन्तित १२

अफगानिस्तानमा राष्ट्रपति निर्वाचनको तयारी ११

साथमा आठ पृष्ठको रंग

काठमाडौं, शुक्रबार, ५ असार २०६६ ◆ आषाढ कृष्णपक्ष एकादशी, नेपाल संवत् ११२९ Friday, June 19, 2009 ◆ www.annapurnapost.com

संक्षेप

गोली प्रहारबाट कामदारको मृत्यु

परासी : अपरिचित समूहले बुधबार राति प्रहार गरेको गोली लागी रूपन्देहीको पर्रोहा गाविस बनकट्टीका राजेन्द्र पौडेलको मृत्यु भएको छ। हकुई ७ स्थित तुरियाखोलामा निर्माणाधीन पुलको काम गर्दै आएका पौडेलमाथि हतियारधारी तीनजनाको समूहले गोली प्रहार गरेको प्रहरीले जनाएको छ। उनको छाती र पेटमा गोली लागेको थियो। तुरिया खोलामा पुलको निर्माणकार्य रायमाझी कन्स्ट्रक्सनले गरिरहेको छ। कामदारको हत्या गरेपछि त्रासका कारण ठेकेदारले चन्दा दिन्छन् भन्ने मनसायले हत्या गरिएको हुन सक्ने अनुमान प्रहरीले गरेको छ।

विद्यालयमा बेवारिसे पेस्तोल भेटियो

कपिलवस्तु : जिल्लाको सदरमुकाम तौलिहवास्थित संस्कृत माध्यमिक विद्यालयमा बिहीबार बेवारिसे अवस्थामा चार गोलीसहितको पेस्तोल भेटिएको छ। बिहानी कक्षा सञ्चालन भइरहेका बेला स्कुल परिसरमा पेस्तोल देखिएपछि विद्यार्थी डराएका कारण पढाइ रोकिएको प्रधानाध्यापक फणीन्द्र सिग्देलले बताए। शौचालय जान निस्केका विद्यार्थीले पेस्तोल फेला पारेपछि प्रहरीलाई खबर गरिएको थियो। प्रहरी निरीक्षक लीलाराज लामिछानेले पेस्तोलमा गोली रहे पनि खिया लागेका कारण नपड्कने अवस्थामा रहेको बताए।

[चियोचर्चो]

बासु क्षितिज

एक मैनामै तिन्पल्ट मन्त्रिमण्डल पुनर्गठन गरिसकें, अझै गर्दैछु, यस्तो प्रगति तपाइँहरू किन देख्नुहुन्न हँ?!

७५% ब्याज स्वर्णिम बचत खाता

- दैनिक मौज्दातमा ब्याज गणना गरिने,
- कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने,
- निशुल्क दुर्घटना विमा,
- नि:शुल्क औषधी उपचार खर्च,
- निशुल्क चेक बुक र स्टेटमेन्ट उपलब्ध गराईने ।

हिमालय फाइनान्स लिमिटेड वित्तीय संस्था
हिमालय फाइनान्स भवन, बाग्दरबार, काठमाडौं
फोन: ४२४७३७६, ४२३८२०९

विदेशी विनिमयदर

मुद्रा	एकाइ	खरिददर	बिक्रीदर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	७६.९०	७७.५०
युरो	१	१०७.३७	१०८.२१
पाउन्ड स्टर्लिङ	१	१२६.९३	१२७.१२
स्विस फ्रेंक	१	७१.२१	७१.७७

• सुन-चाँदीको दर (प्रति १० ग्राम)
R. K. JEWELLERS
Bishal Bazar, Shop No. 11
Ph: 2020000
छापावाल रू. २३,७५०.००
तेजाबी रू. २३,५७०.००
रू. ३७५.००

तस्बिर : राजेश गुरुङ

सोलुखुम्बु जिल्लाअन्तर्गत सगरमाथा आधार शिविरनजिक लोबुचेस्थित पिरामिड शैलीको राष्ट्रिय अनुसन्धान परिषद्को भवन। सन् १९९० देखि सञ्चालनमा ल्याइएको उक्त भवनलाई ईभी-केटू सीएनआर नाम दिइएको छ। भवनको छानोमा दुई सय १६ वटा सोलार प्यानल जडान गरेर प्रत्येक दिन बीस किलोवाट बिजुली उत्पादन गरिन्छ। यसले मौसमसम्बन्धी गतिविधि, हावाको चाप, विकिरण, सापेक्षिक आद्रता, तापक्रम, हावाको दिशा, गति र प्रतिरोधक शक्तिको व्यवस्थापन गर्छ। यस परिषद्का संस्थापक इटालीका अगस्टिनु डाप्लिङ्जा हुन्।

साक्षरता अभियान असफल

खेर गयो एक अर्ब चार करोड

मधुसूदन पौडेल

- जनगणना २०५८ अनुसार मुलुकभर ७८ लाख नागरिक निरक्षर।
- दुई वर्षभित्र सबै निरक्षरलाई साक्षर बनाउने लक्ष्य राखेर चालू आर्थिक वर्षदेखि साक्षरता अभियान सञ्चालन।
- स्थानीय तहमा चरम राजनीतीकरणका कारण पहिलो वर्षको अभियान असफल भएको सरकारी अधिकारीको निष्कर्ष।
- प्रक्रिया मिलाएर सुविधामात्रै लिने प्रवृत्ति हावी।

काठमाडौं, ४ असार : दुई वर्षभित्र सबै नागरिकलाई साक्षर बनाउने महत्त्वाकांक्षी लक्ष्यसहित सुरु भएको साक्षरता अभियान असफल भएको छ।

योजना निर्माण र कार्यान्वयनमा त्रुटिका कारण अभियान असफल भएकोमा शिक्षा र अर्थ मन्त्रालय पनि सहमत छन्। अभियान सफल बनाउन सहयोग नगरेको आरोप स्थानीय विकास मन्त्रालयमाथि लागेको छ। स्थानीय तहमा चरम राजनीतीकरणका कारण प्राप्त हुन सक्ने उपलब्धि पनि गुमेको निष्कर्ष सरकारी अधिकारीको छ।

राष्ट्रिय जनगणना २०५८ अनुसार मुलुकभर ७८ लाख नागरिक निरक्षर छन्। यस वर्ष २६ लाख नागरिकलाई साक्षर बनाउने लक्ष्य अभियानको भए पनि अन्तिममा ११ लाखलाई समेट्ने योजना बनाइएको थियो। अभियान सञ्चालनको जिम्मेवारी पाएको अनौपचारिक शिक्षा केन्द्रका अधिकारीले करिब आठ लाख नागरिक साक्षरता कक्षामा भर्नासम्म भएको तथ्यांक आउने सम्भावना रहेको बताए।

साक्षरता कक्षा सञ्चालन गरेका स्वयंसेवक र गाविससचिवले कक्षामा सहभागी सबै साक्षर भएको प्रतिवेदन पठाउँदै आएका छन्। केन्द्रका एक अधिकारी भन्छन्, 'तीन महिनामा कक्षामा सहभागी सबै साक्षर भए भन्नु दुनियामा कहीं हुन नसकेको काम हो। यसले मुलुकको साक्षरता तथ्यांकलाई नै भद्रगोल बनाइदिएको छ।'

अभियानको असफलतासँगै यस वर्ष राज्यकोषबाट एक अर्ब चार करोड रुपैयाँ खेर गएको विश्लेषण अर्थ मन्त्रालयका अधिकारीहरूको छ। चालू आर्थिक वर्षको बजेटमा यस अभियानका लागि उक्त रकम छुट्ट्याइएको थियो। शिक्षा मन्त्रालयले भने रकम अपुग भएको भन्दै थप २९ करोड रुपैयाँ मागेको छ।

सरकारले बजेट सार्वजनिक भएपछि सुविधा वृद्धि गरी साक्षरता स्वयंसेवकलाई मासिक दुई हजार र निरीक्षकलाई दुई हजार पाँच सय रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो। वृद्धि गरिएको सुविधा उपलब्ध गराउन उक्त रकम अपुग रहेको भन्दै शिक्षाले बजेट माग गरेको भए पनि अर्थ मन्त्रालय भने प्रगति विवरण पेस नगरेसम्म बाँकी रकम नदिने अडानमा छ। बजेट निकासाका लागि केन्द्रले हाल ३३ जिल्लाको प्रगति विवरण तयार गरिरहेको छ। शिक्षा मन्त्रालयका सचिव दीपेन्द्रविक्रम थापाले साक्षरता अभियानको मूल्यांकन जारी रहेको बताएका छन्।

यस अभियानलाई रोजगार सिर्जनासँग जोडेर पूर्ववर्ती सरकारका अर्थमन्त्री डा. बाबुराम भट्टराईले प्राथमिकतासाथ अगाडि सारेका थिए। ७५ वटै जिल्लामा अभियान सञ्चालन गर्दा सरकारले तीन महिनाका लागि करिब एक लाख युवालाई रोजगारी दिने योजना बनाएको थियो। अनौपचारिक कक्षा सञ्चालनका लागि स्थानीयस्तरमा स्वयंसेवक र निरीक्षक नियुक्त गर्दा राजनीतीकरण भएकाले सफलता हात लाग्न नसकेको अधिकारीहरूको विश्लेषण छ। अनौपचारिक शिक्षा केन्द्रका निमित्त प्रमुख दिवाकर अवस्थीले सर्वदलीय बैठकको सहमतिका आधारमा स्वयंसेवक र निरीक्षक नियुक्त गर्न निर्देशन दिइएको बताए।

प्रारम्भिक मूल्यांकनले साक्षरता कक्षा सञ्चालनमा ल्याउन स्कुल जाने उमेरका बालबालिकालाई पनि सहभागी बनाइएको देखाएको छ। सरकारले १५ वर्षभन्दा माथि ६० वर्ष उमेरसम्मका नागरिकलाई मात्र यस अभियानमा सहभागी बनाउने निर्णय गरेको थियो।

'प्रक्रिया मिलाएर सुविधामात्रै लिने प्रवृत्ति यस कार्यक्रममा पनि व्यापक देखिएको छ', अर्थ मन्त्रालयका सचिव रामेश्वर खनालले भने, 'अभियान राम्रो भए पनि नतिजा सकारात्मक आउन नसक्नुमा यही प्रवृत्ति बाधक साबित भएको छ।'

अभियान प्रभावकारी बन्न नसकेपछि राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय र अनौपचारिक शिक्षा केन्द्रका अधिकारी सहभागी बैठकले कार्यक्रमको मूल्यांकन गर्न उच्चस्तरीय टोली जिल्लाहरूमा पठाउने निर्णय गरेको छ।

कार्यान्वयनको दयनीय अवस्थाका कारण आगामी वर्ष यो अभियान जारी राख्ने वा नराख्ने भन्नेमा समेत अन्योल देखिएको छ। दुई वर्षमा सबैलाई साक्षर बनाउने नारा र कार्यान्वयनको मोडेल परिवर्तन गरेर मात्रै अभियानलाई निरन्तरता दिनुपर्ने सुझाव केन्द्रका अधिकारीको छ।

प्रधानमन्त्रीलाई चीनभ्रमणको मौखिक निम्तो

अनिल गिरी

काठमाडौं, ४ असार : भारतभ्रमणमा जान गृहकार्य गरिरहेका प्रधानमन्त्री माधवकुमार नेपाललाई अर्को छिमेकी मुलुक चीनले पनि भ्रमणको निम्तो दिएको छ।

प्रम नेपाल

नेपालका लागि चीनका राजदूत झिउ गोहाङले परराष्ट्रसचिव ज्ञानचन्द्र आचार्यलाई बिहीबार परराष्ट्र मन्त्रालयमा भेट गरी प्रधानमन्त्री बेन जिया बाओका तर्फबाट प्रधानमन्त्री नेपाललाई चीनभ्रमणको मौखिक निम्तो दिएका हुन्। परराष्ट्र मन्त्रालयका प्रवक्ता मदनकुमार भट्टराईले अन्नपूर्ण पोष्टसँग भने, 'चीनका प्रधानमन्त्रीको तर्फबाट प्रधानमन्त्री नेपाललाई भ्रमणको निम्ता बिहीबार प्राप्त भएको छ। भ्रमणको मिति र एजेन्डा तय गर्न भने बाँकी छ। आपसी सहमतिपछि भ्रमणको मिति तय गरिनेछ।'

भारतीय विदेशसचिव शिवशंकर मेननको शनिबारदेखि हुन लागेको नेपाल भ्रमणको पूर्वसन्ध्यामा चीनले प्रधानमन्त्री नेपाललाई भ्रमणको निम्ता दिएको हो।

हाल असारको दोस्रो साताभित्र प्रधानमन्त्री नेपाल भारत भ्रमणमा जाने गरी गृहकार्य भइरहेको छ। भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहले नेपाल प्रधानमन्त्री नियुक्त भएको केही दिनपछि बधाई सन्देशमार्फत उनलाई भारतभ्रमणको निम्तो दिएका थिए।

अघिल्ला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत वैशाख १९ गते चीन भ्रमण सुरु गर्ने कार्यक्रम थियो तर प्रधानसेनापति प्रकरणका कारण विकसित राजनीतिक परिस्थितिले गर्दा उनले भ्रमण स्थगन गरेका थिए।

यसैबीच शनिबार नेपाल आउन लागेका भारतका विदेशसचिव शिवशंकर मेननको भ्रमणको एजेन्डा प्रधानमन्त्री नेपालको भारतभ्रमणमा केन्द्रित रहने भएको छ। काठमाडौंस्थित भारतीय दूतावासका प्रवक्ता छिरिङ शेर्पाले बिहीबार अन्नपूर्णलाई यो जानकारी दिएका हुन्।

सचिव मेननले प्रधानमन्त्री नेपाल, उपप्रधानमन्त्री विजयकुमार गच्छदार, राजनीतिक दलका शीर्ष नेताहरूलगायतसँग भेटवार्ता गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ।

कटवाल नै प्रधानसेनापति

- *सञ्चारमन्त्री पोखरेल प्रवक्ता तोकिए*
- *शान्तिमन्त्री चेम्जोङलाई वार्ता गर्ने जिम्मा*

चिरञ्जीवी ढुंगाना

काठमाडौं, ४ असार : वर्तमान सरकारले माओवादी नेतृत्वको पूर्ववर्ती सरकारको निर्णय बदर गरी प्रधानसेनापति पदमा रुक्मांगद कटवाललाई नै निरन्तरता दिने भएको छ। माओवादी अध्यक्ष प्रचण्डको नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्ले गत वैशाख २० गते कटवाललाई अवकाश दिई रथी कुलबहादुर खड्कालाई कायममुकायम प्रधानसेनापति बनाउने निर्णय गरेको थियो।

माधवकुमार नेपालको अध्यक्षतामा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्ववर्ती सरकारको उक्त निर्णय विधिसम्मत नभएको ठहर गरी कटवाललाई सोही पदमा निरन्तरता दिने निर्णय गरेको हो।

राष्ट्रपति डा. रामवरण यादवले वैशाख २० गते राति नै माओवादी नेतृत्वको तत्कालीन सरकारको उक्त निर्णय उल्ट्याउँदै कटवाललाई नै जिम्मेवारी समाल्न पत्र पठाएपछि सोही आधारमा कटवालले सेनाको 'चेन अफ कमान्ड' समाल्दै आएका छन्। राष्ट्रपतिको उक्त कदम 'असंवैधानिक' र अलोकतान्त्रिक भएको ठहरसहित प्रचण्डले वैशाख २१ गते राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। प्रचण्डले राजीनामा दिनुअघि बसेको मन्त्रिपरिषद्ले राष्ट्रपतिको कदम असंवैधानिक, अलोकतान्त्रिक र नागरिक सर्वोच्चताविपरीत भएको ठहर गर्दै फिर्ता लिन राष्ट्रपतिलाई आग्रह गर्ने निर्णय पनि गरेको थियो। माओवादीले राष्ट्रपतिको कदम सच्याई नागरिक सर्वोच्चता स्थापना गर्नुपर्ने माग राखेर आन्दोलन गरिरहेका बेला वर्तमान सरकारले यस्तो निर्णय गरेको हो। माओवादीकै अवरोधका कारण व्यवस्थापिका संसद्को कारबाही अघि बढ्न सकेको छैन।

तत्कालीन माओवादी नेतृत्वको सरकारमा एमाले, मधेसी जनअधिकार फोरम, नेपाल सद्भावना पार्टी र नेकपा संयुक्त सहभागी थिए। प्रचण्डले कटवाललाई अवकाश दिने एकलौटी निर्णय गरेको भन्दै सरकारमा सामेल अन्य दल तथा विपक्षी कांग्रेसले असहमति जनाएका थिए।

सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले पूर्ववर्ती सरकारले गत वैशाख २० र २१ गते गरेको निर्णय बदर गरी कटवाललाई नै प्रधानसेनापतिमा निरतरन्ता दिने निर्णय गरेको जानकारी रक्षामन्त्री विद्या भण्डारीले दिइन्। उनले भनिन्, 'कुलबहादुर खड्काको स्वत: अवकाश हुनेछ।' खड्काको यही असार ६ गतेदेखि नियमित सेवाअवधि सकिँदैछ।

यसैगरी मन्त्रिपरिषद्ले तराईमा विद्रोह गरिरहेका सशस्त्र समूहसँग वार्ता गर्न समिति गठन गर्ने निर्णय गर्दै शान्ति तथा पुनर्निर्माणमन्त्री रकम चेम्जोङलाई संयोजक तोकेको छ। समितिलाई पछि पूर्णता दिइने सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलले जानकारी दिए। उनलाई मन्त्रिपरिषद् बैठकले सरकारको प्रवक्ता तोकेको हो।

मन्त्रिपरिषद्को बैठक सुरु हुनुअघि प्रधानमन्त्री नेपालले शान्तिप्रक्रिया सार्थक निष्कर्षमा पुऱ्याउन, संविधान बनाउन, संसद् बैठक सञ्चालन गर्न तथा आर्थिक र सामाजिक रूपान्तरण गर्न २२ दलबीचको एकता, सहमति र सहकार्य पहिलो आवश्यकता रहेकोमा जोड दिएका थिए।

'कठपुतली सरकारको स्वाभाविक निर्णय'

बादल

काठमाडौं : माओवादीले आफ्नो नेतृत्वको पूर्ववर्ती सरकारद्वारा प्रधानसेनापति पदबाट अवकाश दिइएका रुक्मांगद कटवाललाई नै निरन्तरता दिने भनी एमाले नेतृत्वको मन्त्रिपरिषद्ले गरेको निर्णय सरकारको चरित्रअनुसार स्वाभाविक भएको प्रतिक्रिया दिएको छ।

माओवादी वरिष्ठ नेता एवं पूर्वरक्षामन्त्री रामबहादुर थापा 'बादल' ले वर्तमान सरकारको चरित्रअनुसार यस्तो निर्णय आउनु अनौठो नभएको प्रतिक्रिया दिएका हुन्। उनले अन्नपूर्ण पोष्टसँग भने, 'कठपुतली वर्तमान सरकारको यो स्वाभाविक निर्णय हो। कठपुतली सरकारले मालिकहरूले जे गर् भन्छन् त्यही गर्ने न हो। हामीलाई यस्तो हुन्छ भन्ने पहिले नै लागेको थियो।'

READERS RESEARCH
presents
expo for education solution
SCHOOL 2 COLLEGE 2009
SCHOOL TO COLLEGE EXPO
TARGETED FOR :
Pass out of SLC students
Ongoing Bachelors students
Abroad Study students
3rd week of Ashad, 2066
STALL BOOKING IS OPENED
www.readersresearch.com
surveys@readersresearch.com
WELCOME TO ALL COLLEGES AND EDUCATIONAL CONSULTANCIES
4460606
Get all the answers at one place !!!
Let's visit once at Bhrikuti Mandap.

बाबुआमा छँदाछँदै 'टुहुरा' बनाइन्छन् बालबालिका

रविन गिरी

काठमाडौं, ४ असार : सन्तान-प्राप्तिलाई वैवाहिक जीवनको सुख र खुसीका रूपमा लिइन्छ। आफ्ना सन्तानलाई हुर्काउन, बढाउन र उनीहरूको भविष्यका लागि बाबुआमा दिनरात खटिएका हुन्छन्। विडम्बना! हाम्रो समाजमा त्यस्ता बाबुआमाको संख्या पनि कम छैन जो आफ्नै सन्तानलाई अनाथ बनाउन क्रियाशील छन्।

मुलुकभरका बालगृहमा रहेका बालबालिकामध्ये ६५ प्रतिशतलाई बाबुआमाले अनाथ भन्दै आश्रममा छाडिदिने गरेको तथ्यसहितको अध्ययन प्रतिवेदन हालै सार्वजनिक गरिएको छ। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तर्गतको केन्द्रीय बालकल्याण समिति र चिल्ड्रेन प्रोटेक्सन सेन्टर्स एन्ड सर्भिसेज इन्टरनेसनलले संयुक्तरूपमा अध्ययन गरी सार्वजनिक गरेको प्रतिवेदन 'अ स्टडी अफ चिल्ड्रेन होम इन नेपाल' मा सन्तान अनाथ बनाउने बाबुआमाको संख्या बढेको तथ्य प्रस्तुत गरिएको छ।

अध्ययनका क्रममा मुलुकका २४ जिल्लाका एक सय ९६ बालगृहमा स्थलगत भ्रमण गरिएको थियो। अध्ययन प्रतिवेदनअनुसार राजधानीमा रहेका बालगृहमा रहेकामध्ये ७१ प्रतिशत र राजधानीबाहिरका बालगृहमा रहेकामध्ये ५६ प्रतिशत बालबालिका आमाबाबु जीवित भए पनि उनीहरूबाटै अनाथ बनाइएका छन्।

अध्ययन टोलीका संयोजक अर्जुन भट्टराईले भने, 'बाबुआमा भएकालाई बालगृहमा प्राथमिकता दिन मिल्दैन तर त्यस्तै बालबालिकाको संख्या बढी छ।'

बालगृहमा रहेका ८७ प्रतिशत बालबालिकाका बाबु वा आमा वा दुवै जीवित रहेको प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता गौरी प्रधानले बढी जोखिममा भएका बालबालिकालाई बालगृहमा प्राथमिकता नदिइएका कारण यस्तो प्रवृत्ति बढेको बताए।